आज मिति २०७८/१/१३ गते यस महालक्ष्मी नगरपालिकाका नगर प्रमुख श्री रामेश्वर श्रेष्ठज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको १०३ औं बैठक बसी देहायबमोजिम निर्णय गरियो ।

| नामथर | पद | हस्ताक्षर |
|---|---|---|
| श्री रामेश्वर श्रेष्ठ | नगर प्रमुख | |
| श्री निर्मला थापा | नगर उपप्रमुख | |
| श्री नन्द कुमार न्यौपाने | नगरकार्यपालिका सदस्य | |
| श्री राम बहादुर के.सी. | नगरकार्यपालिका सदस्य | |
| श्री कुवेर के.सी. | नगरकार्यपालिका सदस्य | |
| श्री लक्ष्मण रोक्का | नगरकार्यपालिका सदस्य | |
| श्री राजकुमार सिल्वाल | नगरकार्यपालिका सदस्य | |
| श्री बासुदेव महर्जन | नगरकार्यपालिका सदस्य | |
| श्री नकुल थापा | नगरकार्यपालिका सदस्य | |
| श्री विश्वराज श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| श्री बासुदेव शर्मा गौतम | नगरकार्यपालिका सदस्य | |
| श्री बलराम लामा | नगरकार्यपालिका सदस्य | |
| श्री सरस्वती लामा | नगरकार्यपालिका सदस्य | |
| श्री गंगा दहाल | नगरकार्यपालिका सदस्य | |
| श्री भक्ति माया कार्की (थापा) | नगरकार्यपालिका सदस्य | |
| श्री रेश्मा के.सी. (कार्की) | नगरकार्यपालिका सदस्य | |
| श्री अम्बिका श्रेष्ठ | नगरकार्यपालिका सदस्य | |
| श्री रमेश मिजार | नगरकार्यपालिका सदस्य | |
| श्री मीरा पौडेल (थामी) | नगरकार्यपालिका सदस्य | |
| श्री कुमार बयलकोटी | नगरकार्यपालिका सदस्य | |
| श्री पुरुषोत्तम सापकोटा | (प्र.प्र.अ.) सचिव | |

४६७. कोभिड-१९ को दोस्रो भेरियन्टको सङ्क्रमण भयावह हुने अवस्था देखिएको हुँदा नेपाल सरकारबाट आ
भएमा सोही बमोजिम हुने गरी सेवाग्राहीको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी यही मिति २०७८।०१।
गतेदेखि २०७८।०१।२१ गतेसम्मका लागि देहायबमोजिम गर्ने निर्णय गरियो ।

१. यस नगरकार्यपालिकाको कार्यालय एवम् अन्तर्गतका वडा कार्यालयहरु बाट प्रवाह गरिने अत्यावश्य बाहेकका सम्पूर्ण सेवाहरु स्थगित गर्ने,

२. नगरपालिका भित्रका सबै शैक्षिक संस्थाहरु (विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र) बन्द गर्ने,

३. सबै प्रकारका सभा,सम्मेलन,प्रदर्शन, भेला, गोष्ठी, तालिम, सेमिनार आयोजना नगर्ने/ नगराउने,

४. स्विमिङ पुल, जिमखाना,हेल्थ क्लब जस्ता व्यवसाय सञ्चालन नगर्ने/ नगराउने,

५. मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक एवम् सांस्कृतिक स्थलमा भिडभाड नगर्ने/ नगराउने,

६. पार्टी प्यालेशहरुमा १५ जनाभन्दा बढी सहभागी हुने गरी कार्यक्रम, भोज आयोजना नगर्ने/ नगराउने,

४६८. कोभिड-१९ को दोस्रो लहरको संक्रमण रोकथाम तथा भ्याक्सिन कार्यक्रम मिति २०७८ वैशाख १४ गते देखि प्राथमिक स्वास्थ्य केन्द्र, लुभू र किष्ट मेडिकल कलेज गरी दुई खोप केन्द्रमा सञ्चालन गर्ने निर्णय गरियो ।

४६९. यस नगरपालिकाको लागि आवश्यक मात्रामा रेविज भ्याक्सिन उपलब्ध गराउन सम्बन्धित निकाय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

४७०. कोभिड-१९ को रोकथाम तथा उपचारको लागि आवश्यक स्वास्थ्य उपकरण, औषधी लगायतका आवश्यक स्वास्थ्य सामग्रीको लागि लाग्ने खर्च विपद व्यवस्थापन कोषबाट खर्च गर्ने गरी तत्काल व्यवस्थापन गर्ने निर्णय गरियो ।

४७१.महालक्ष्मी नगरपालिकाको देहायका योजनाहरुलाई बहुवर्षीय योजना स्वीकृति गरी खरिद प्रक्रिया अगाडि बढाउने साथै मनमोहन ममोरियल पार्क प्याकेज-२ योजनाको हकमा चालु आ.व. मा श्रृजना हुने दायित्व अन्य सार्वजनिक निर्माण शीर्षकबाट खर्च गर्ने निर्णय गरियो ।

- मनमोहन ममोरियल पार्क प्याकेज-२ योजना

निर्णय प्रमाणित

- बहुउद्देशीय भवन निर्माण योजना वडा नं. १

४७२. योजना कार्यान्वयन सम्बन्धमा (वडास्तर, नगरस्तर, प्रदेश र संघ) र योजना तथ कार्यक्रमको चौमासिक आय व्यय सहितको प्रगति प्रतिवेदन सम्बन्धमा छलफल गरी योजन तथा कार्यक्रमको तत्काल सम्झौता गर्न पहल गर्ने एवं सम्झौता भएका योजना तथ कार्यक्रमको तदरुकताका साथ कार्यान्वयन गर्न समन्वय र सहयोग गर्ने निर्णय गरियो ।

४७३. महालक्ष्मी नगरपालिका वडा नं. ९ मा संचालनमा रहेको महालक्ष्मी बहुप्राविधिक शिक्षालयको लागि स्थायी संरचना निर्माण गर्नका लागि साविक लामाटार गा.वि.स., वडा नं. ७/ख को कि.नं. १५२ को क्षेत्रफल २३-१-०-० मध्ये १५ रोपनी र लामाटार गा.वि.स., वडा नं. ७/ग कि.नं. १४ क्षेत्रफल ३-१०-०-०, कि.नं. १५ क्षेत्रफल २-१५-०-०, कि.नं. १९ क्षेत्रफल २-८-०-०, कि.नं. ७ क्षेत्रफल ९-२-०-०, कि.नं. १३२ क्षेत्रफल १-१-०-०, कि.नं. १८ क्षेत्रफल १-७-०-० जम्मा गरी क्षेत्रफल ३५-११-०-० जग्गा नेपाल सरकारको नाममा रहेको जग्गामा ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वको कुनै संरचना नभएको र शिक्षालय स्थापना गर्दा त्यस्ता महत्वपूर्ण संरचनाको मौलिकतामा असर नपर्ने साथै स्थानीय स्तरमा प्राविधिक शिक्षालयको स्थायी संरचना निर्माण हुँदा उक्त जग्गाको सरंक्षण समेत हुने एवं उक्त जमिन विपद् व्यवस्थापनको लागि खुला क्षेत्रमा नपर्ने भएकोले उक्त जग्गा महालक्ष्मी बहुप्राविधिक शिक्षालयलाई दिर्घकालीन लिजमा उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयको च.नं. ३२१३, मिति २०७७/१२/२६ को पत्रबाट समेत सिफारिस भई आएको हुँदा दिर्घकालीन लिजमा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

४७४. महालक्ष्मी नगरपालिका, वडा नं. ३ मा रहेको टिकाथली प्रहरी चौकीको लागि स्थान अभाव भई कामकाज गर्न असहज भएकोले महालक्ष्मी नगरपालिका, वडा नं. ३ मा पर्ने नदी उकास, पर्ति जग्गा कित्ता नं. ५ को ३८०५ व.मि. नेपाल सरकारको नाममा रहेको जग्गामा ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वको कुनै संरचना नभएको प्रहरी चौकी स्थापना गर्दा त्यस्ता महत्वपूर्ण संरचनाको मौलिकतामा असर नपर्ने साथै उक्त जग्गाको सरंक्षण समेत हुने एवं उक्त जमिन विपद व्यवस्थापनको लागि खुला क्षेत्रमा नपर्ने भएकोले

उक्त जग्गा टिकाथली प्रहरी चौकीलाई दिर्घकालीन लिजमा उपलब्ध गराउन सम्बन्धित वडा कार्यालयको च.नं. ९९७, मिति २०७८/१/२ को पत्रबाट समेत सिफारिस भई आएको हुँदा दिर्घकालीन लिजमा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

४७५. कृषक समूह सहकारी तथा उद्यमीलाई ढुवानी साधन खरिद अनुदानमा विनियोजन भएको रकम रु. ५,००,०००। (अक्षरेपि पाँच लाख मात्र) लाई संशोधन गरी खाद्य हरियाली कार्यक्रमलाई ३,८०,०००। (अक्षरेपि तीन लाख असी हजार मात्र) र कृषि तथा पशु कार्यक्रम प्रचार प्रसार शीर्षकमा रु. लागि १,२०,०००। (अक्षरेपि एक लाख बीस हजार मात्र) शीर्षक संशोधन गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित